# कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१

(नेपाल सरकारबाट स्वीकृत मिति २०७१/५/१३)

## १. भूमिका

कृषि[*] व्यवसायले राष्ट्रिय कूल ग्रार्हस्थ उत्पादनमा एक तिहाई हिस्सा ओगटे पनि कृषि क्षेत्रको समयानुकूल व्यवसायिकरण हुन नसकेको र उत्पादकत्व तथा उत्पादनमा आशातित तवरले वृद्धि हुन नसकेबाट कृषि क्षेत्रमा औद्योगिकीकरण हुन सकेको छैन । कृषि व्यवसायमा युवावर्गको घट्दो आकर्षण र वैदेशिक रोजगारीका अवसरका कारण कृषि क्षेत्रमा भैरहेको श्रम शक्तिको अभाव लगायतका समस्या हटाउन र महिलाको अत्यधिक र कष्टप्रद श्रमभार रहेको यस क्षेत्रमा महिलाको श्रमभार घटाई अन्य उत्पादनशील कार्यमा लगाउन कृषि यन्त्र[†]हरुको प्रयोगलाई प्रोत्साहन गर्नु अत्यावश्यक छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरणको माध्यमबाट प्रतिस्पर्धात्मक प्रणालीमा रुपान्तरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न र खाद्य सुरक्षा सुनिश्चित गर्न समेत कृषि यान्त्रिकरण[‡]को आवश्यकता पर्दछ । कृषि यान्त्रिकरणद्वारा कृषिजन्य वस्तुको उत्पादकत्व बढ्ने, लागत न्यूनीकरण हुने, उत्पादित वस्तुको गुणस्तर कायम राख्न सघाउ पुग्ने र औद्योगिकीकरणको गतिमा तीव्रता थपिनेछ । यसका साथै कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्र र युवा वर्गको आकर्षण बढाउन समेत यसले सघाउ पुऱ्याउनेछ ।

कृषि व्यवसायको आधुनिकीकरण गर्दैकृषि व्यवसायीकरणलाई दिशानिर्देश गर्न तथा यस क्षेत्रको औद्योगिकीकरण गर्नेतर्फ दिगो रुपमा गति दिनको लागि ठोस नीतिको आवश्यकता महसुस गरिएको हुँदा र नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेखित “राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश नागरिकको आर्थिक उन्नति हुने अवस्थाहरुको सिर्जना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्ने” राज्यको नीतिको प्रावधानको कार्यान्वयन गर्नाको साथै राष्ट्रिय कृषि नीति, २०६१ एवं कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ का व्यवस्था समेतलाई मध्यनजर गरी नेपाल सरकारले कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ जारी गरेकोछ ।

## २. विगतका प्रयासहरु

कृषि विकास मन्त्रालय अन्तर्गत वि.सं.२०१० सालमा कृषि इन्जिनियरिङ्ग इकाईको स्थापना भएपश्चात सरकारी कृषि तथा पशु विकास फार्महरुको लागि आधुनिक कृषि औजारहरु भित्र्याउने र परीक्षण गर्ने काम शुरुभयो । वि.सं.२०१६ सालमा तराईको लागि कृषि औजारहरुको अनुसन्धान तथा प्रवर्द्धन गर्नको लागि पर्सा

---

[*] कृषि शव्दले बाली, बागवानी, पशुपन्छी, माछा आदि कृषिका सबै क्षेत्र (Sector) सँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरुलाई जनाउँछ ।

[†] कृषि यन्त्र भन्नाले कृषि कर्ममा प्रयोग हुने औजार/उपकरण/मेसिन भन्ने बुझिन्छ ।

[‡] वाली वस्तुको उत्पादनको तयारी, उत्पादन, फार्म स्तरमा उत्पादनोपरान्त गरिने प्रशोधन, भण्डारण र ढुवानी कार्यमा कृषि औजार/उपकरण/मेसिनको उपयोगलाई कृषि यान्त्रिकरण भनिन्छ । कृषिमा प्रयोग हुने श्रम र सामग्रीको दक्षता अभिवृद्धि भई, झंझटिलो कृषिकर्महरुलाई सरल र सजिलो बनाई कृषिको उत्पादन अभिवृद्धि गर्न र उत्पादन लागत घटाउन कृषि यान्त्रिकरणले सहयोग पुऱ्याँउछ । कृषि यान्त्रिकरणमा मुख्य तिन किसिमका शक्तिचालित (मानवशक्ति, पशु शक्ति र यान्त्रिक शक्ति) कृषि यन्त्र प्रयोग गरिन्छ । कृषि यान्त्रिकरणले कृषि यन्त्रको अनुसन्धान तथा विकास उत्पादन, वितरण, मर्मत संभार, व्यवस्थापन र उपयोग गर्न गरिने सम्पूर्ण कार्यसुचि समेट्छ ।

जिल्लाको रानीघाट, वीरगन्जमा कृषि औजार अनुसन्धान इकाई स्थापना भयो । कृषि औजार अनुसन्धान इकाईबाट फलामे हलो र धान चुट्ने थ्रेसरको विकास र प्रवर्द्धन गर्नमा उल्लेख्य योगदान पुऱ्यायो । त्यसैगरी वि.स.२०२१ सालमा तत्कालिन सोभियत युनियन सरकारको सहयोगमा वीरगञ्जमा कृषि औजार कारखाना स्थापना भयो । यस कारखानाबाट गुणस्तरीय फलामे हलो, पेडल थ्रेसर, मकै छोडाउने मेसिन, ह्वील व्यारो, गहुँ चुट्ने थ्रेसर, पम्पसेट, ट्रेक्टर रट्रेलरहरुको उत्पादन भए । देशका विभिन्न स्थानमा बिक्री डिपो र डिलरहरुको व्यवस्था गरी यी औजार, यन्त्रहरुको आपूर्ति र वितरण थालियो । यसले कृषिमा यान्त्रिकरण शुरुआत गर्न ठूलो योगदान पुऱ्यायो ।

वि.सं. २०२७ सालमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट फलफूल प्रशोधन गर्ने पाइलट प्लाण्ट स्थापना भई कार्य सञ्चालन भयो । वि.सं. २०२८ सालमा जापान सरकार(JICA)को सहयोगमा जनकपुर कृषि विकास आयोजना स्थापना गरी सोमार्फत डीप ट्यूववेल, पावर टिलर र आधुनिक कृषि औजारको प्रवर्द्धन गर्ने कार्य शुरु भयो । त्यसै गरी  २०३० को दशकमा कृषि विकास बैंकले ट्रेक्टर र पम्पसेटमा प्राथमिकताका साथ कर्जा प्रवाह गरी कृषि यान्त्रिकरणमा योगदान पुऱ्यायो । पशु विकास फार्महरुमा यान्त्रिकरण गर्ने सिलसिलामा जर्मन सहयोग नियोग(GTZ)को सहयोगमा पशु विकास फार्म, पोखरामा फोरेज हार्भेष्टर, इन्कुवेटर, ह्याचर, साइलेज बनाउन प्रयोग गरिने उपकरणहरु आदिको प्रयोग शुरु भयो भने दोलखा जिल्लास्थित जिरी फार्ममा पनि स्वीस सरकारको  सहयोगमा केही मेसिनरी औजारहरु प्रयोगमा आए।

वि.स.२०४८ साल देखि नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत रहेको कृषि इन्जिनियरिङ्ग महाशाखाले विभिन्न किसिमका कृषि यन्त्र तथा उपकरणहरुको परीक्षण र विकास गर्दै आएकोछ । साथै, वि.सं.२०६१ सालमा कृषि विभागअन्तर्गत स्थापित कृषि इन्जिनियरिङ्ग निर्देशनालयले कृषि यन्त्रहरुको प्रवर्द्धनात्मक प्रचार, प्रसार तथा तालिम कार्यक्रम र अन्यसेवा पुऱ्याउँदै आएको छ ।

## ३. वर्तमान स्थिति

मुलुकको कृषि क्षेत्रमा मुख्यतया परम्परागत हाते यन्त्र र जमिन तयार गर्न पशुद्वारा सञ्चालित काठे हलोमा नै निर्भर भएको पाइन्छ । समयको माग, सरकारी निकायको प्रयास र निजी क्षेत्रको लगानीको कारणले नेपालको तराई एवं केही पहाडी उपत्यकाहरुमा कृषि यान्त्रिकरणले गति लिन थालेकोछ । यी क्षेत्रहरुमा फलामे हलो, ट्रेक्टर, पावरटिलर, पम्पसेट, स्प्रेयर, धान/गहुँ चुट्ने थ्रेसर, धान कुट्ने/पिस्नेमिल, तेल पेल्ने मिल, ढुवानीको लागि ट्रेलर आदिको बढ्दो प्रयोग भएको पाइन्छ ।

पशुपालनतर्फ, विशेष गरी व्यवसायिक गाईभैंसी फार्महरु, कुखुरापालन, चल्ला उत्पादन, दाना उत्पादन, दुग्ध प्रशोधन तथा दुग्धजन्य पदार्थको विविधिकरणमा यन्त्रको प्रयोग बढ्दो छ । कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक पर्ने तरल नाइट्रोजनको उत्पादन तथा वितरण, वीर्य सङ्कलन तथा प्रशोधन गर्ने कार्यका लागि स्वचालित तथा कम्प्युटरजडित उपकरणहरुको प्रयोग पोखरास्थित राष्ट्रिय पशु प्रजनन् केन्द्रमा भैरहेको छ । त्यसै गरी मत्स्यपालनका क्षेत्रमा पनि पानीको गुणस्तर परीक्षण गर्न, माछा समात्न, रोग परीक्षण गर्न, दाना प्रयोग गर्न र माछा ढुवानी तथा भण्डारण गर्न बिभिन्न किसिमका उपकरणहरुको प्रयोग हुदै आएको छ ।

हाल तराईका जिल्ला र केही पहाडी उपत्यकामा कृषि यन्त्र तथा उपकरण सेवा भाडामा दिने प्रचलन शुरु भएको छ । तराईका केही जिल्लाहरुमा कम्बाइन हार्भेस्टरको सफल प्रयोग, धान रोप्ने मेशिनको शुरुआत

भएको छ । जिरो टिलेज सिड ड्रिलले गहुँ छर्ने प्रविधिको अनुशरण विस्तार हुँदैछ । पहाडी जिल्लाहरुमा मिनीटिलर प्रविधिप्रति कृषकको आकर्षण बढ्दो छ । ग्राभीटी रोपवे प्रविधिको सफल अनुशरण र सुधारिएको घट्टको बहुउपयोग हुन थालेको छ । यसैगरी देशका विभिन्न स्थानमा खोलिएका दुग्धजन्य व्यवसायमा संलग्न कृषक समूह, समिति र सहकारीहरुले साना तथा मझौलास्तरका डेरीहरु स्थापना गरी यी डेरीहरुमा चिस्यान केन्द्रको स्थापना, ल्याक्टोमेसिन, क्रिम सेपरेटर, आइसक्रिम बनाउने मेसिन, गर्वर सेन्ट्रिफ्युज तथा व्युटाइरोमिटर, दुध दुहुने मेसिनजस्ता उपकरणहरुको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ । कृषि विकास मन्त्रालय अन्तर्गत र सम्बद्ध निकाय तथा आयोजनाहरुले आ-आफ्नो सिमित स्रोतसाधन र कार्यक्रमबाट यन्त्र तथा उपकरणसम्बन्धी प्रविधि विकास, प्रसार र सेवाका साथै कृषकलाई सहुलियत/अनुदान उपलव्ध गराउँदै आएका छन् । यद्यपि, उपयुक्त कृषि यान्त्रिकरणको लागि स्पष्ट नीतिगत व्यवस्थाको अभावले देशमा कृषि यान्त्रिकरणले स्पष्ट र सुनिश्चित गति लिन सकेको छैन ।

## ४.समस्या तथा चुनौती

### ४.१ कृषि यान्त्रिकरण क्षेत्रका समस्याहरु

देशको कृषि यान्त्रिकरणमा देहायबमोजिमका समस्याहरु रहेका छन्-

(क) उपयुक्त र गुणस्तरीय कृषि यन्त्र तथा उपकरणका सम्बन्धमा कृषक र उद्यमी वर्गमा पर्याप्त ज्ञान नभएको र यन्त्र तथा उपकरणहरुमा उद्यमी व्यवसायी र कृषकहरुको पहुँच नपुगेको ।

(ख) खेतीयोग्य जमिन खण्डीकरण भैरहेको अवस्थामा साना किसानका लागि उपयुक्त कृषि यन्त्रको पहिचान र विकास हुन नसकेको ।

(ग) देशका अधिकांश भू-भाग पहाडी र विकट भएकाले कृषि क्षेत्रमा यान्त्रिकरण गर्न कठिनाइ परेको ।

(घ) ग्रामीण पूर्वाधारको अभाव, उर्जा संकट आदिका कारण कृषि यान्त्रिकरणमा बाधा परेको ।

(ङ) परम्परागत आरन चलाउने समुदायको सीपको व्यवसायिकरण हुन नसकी लोप हुने अवस्थामा पुगेकाले किसानहरु तिनका सेवा पाउनबाट वञ्चित भएको ।

(च) उपयुक्त नीतिको अभावले देश भित्र यन्त्र तथा उपकरणको कारखाना नभएको र आयातित भन्दा देशभित्र निर्माण हुने कृषि उपकरणहरु महँगो हुने गरेको ।

(छ) हाल विदेशबाट आयातित यन्त्र तथा उपकरणमा निर्भर हुन परिरहेकोले मर्मतसंभार सेवा र पार्टपुर्जा सरल र सुलभ नभएको ।

(ज) कृषि यन्त्र तथा उपकरणको अनुसन्धान, विकास, प्रसार तथा नियमनका लागिसंस्थागत संरचनार कार्यक्रम पर्याप्त नभएको ।

(झ) सुलभ कर्जा प्रवाहमा कठिनाई तथा लगानी मैत्री वातावरण नभएको ।

(ञ) कृषि यान्त्रिकरण सम्बन्धी अनुसन्धान तथा प्रवर्द्धनको लागि दक्ष/अर्धदक्ष जनशक्ति पर्याप्त नभएको ।

(ट) कृषि प्रयोजनका विभिन्न यन्त्रहरु अन्य कार्यमा प्रयोग हुने गरेको ।

### ४.२ कृषि यान्त्रिकरण क्षेत्रका चुनौतीहरु

देशको कृषि यान्त्रिकरणमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन्-

(क) निर्वाहमुखी कृषि र जमिनमा कृषकको स्वामित्व कम हुनु ।

(ख) सडक, विद्युत र सञ्चार सेवामा पहुँच कम हुनु ।

(ग) पहाडी तथा दुर्गम भू-भागमा यान्त्रिकरण गर्न कठिनाईहुनु ।

(घ) छरिएर रहेको कृषक बस्ती, विभिन्न पशुपालन, विभिन्न बाली र मौसम अनुसार मेल खाने खालका यान्त्रिकरण गर्न कठिनाई हुनु ।

(ङ) इन्धनको आपूर्ति र मूल्यमा अस्थिरता हुनु ।

## ५. कृषि यान्त्रिकरण प्रवर्द्धन नीतिको आवश्यकता

युवा जनशक्तिको पलायन, कृषि श्रमिकको कमी र अधिक उत्पादन लागतको कारणले मुलुकको कृषि व्यावसायिकरण हुन नसकेको हालको अवस्थामा उपयुक्त कृषि यान्त्रिकरणको माध्यमबाट कृषि पेशालाई प्रतिष्ठित उद्यमको रुपमा विकास गरी कृषि व्यवसायको विकास एवं विस्तारद्वारा कृषकहरुको जीवनस्तरमा सुधार ल्याई गरिबी न्यूनीकरण तथा दिगोआर्थिक विकासमा योगदान पुऱ्याउन कृषि यान्त्रिकरण प्रवर्द्धन नीतिको आवश्यकता महसुस गरिएकोछ । यो नीतिले देहायका कार्यहरुमा योगदान पुऱ्याउने छ ।

(क) विभिन्न भौगोलिक स्थान सुहाउँदो प्रविधि पहिचान, अनुसन्धान, विकास तथा विस्तार गरी कृषि यान्त्रिकरणमा कृषक तथा उद्यमीको पहुँच वृद्धि गर्न ।

(ख) यान्त्रिकरणसम्बन्धी अनुदान, सहयोग, लगानी तथा सुविधा सम्बन्धमा स्पष्ट व्यवस्था गर्न ।

(ग) सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य बढाउन ।

(घ) महिलाहरुको अत्याधिक र कष्टकर श्रमभार घटाई उक्त समय उत्पादनशील कार्यमा लगाउन ।

(ङ) युवा जनशक्तिलाई यस क्षेत्रमा आकर्षित गरी रोजगारीको अवसरसिर्जना गर्न ।

(च) श्रमशक्तिको दक्षता अभिवृद्धिबाट उत्पादन लागत घटाउँदै कृषिमा व्यावसायिकरण तथा औद्योगिकीकरण गर्न योगदान पुऱ्याउन ।

(छ) नेपाल सरकारबाट जारी गरिएका विभिन्न नीतिहरुमा छरिएर रहेका कृषि यान्त्रिकरण सम्बन्धी व्यवस्थाहरुलाई एकरुपतामा ल्याउन ।

## ६. परिदृष्टि (Vision)

विद्यमान कृषि प्रणालीमा कृषि यान्त्रिकरणको माध्यमबाट आधुनिकीकरण एवं व्यवसायिकरण गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउने ।

## ७. परिलक्ष्य(Mission)

कृषि यान्त्रिकरणको माध्यमबाट कृषि व्यवसायको आधुनिकीकरण गर्दै दिगो आर्थिक विकास गर्ने ।

## ८. लक्ष्य (Goal)

कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न र त्यसलाई दिगो र प्रतिस्पर्धी बनाउन कृषि यन्त्र तथा उपकरणको अनुसन्धान, अनुशरण, विकास, प्रयोग, विस्तार एवं प्रवर्द्धन गर्ने ।

## ९. उद्देश्य (Objectives)

यस नीतिका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

९.१. मुलुकको आर्थिक एवं भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी र व्यवसायिक बनाउने ।

९.२. सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट कृषि यान्त्रिकरण सम्बन्धी सेवा तथा व्यवसायमा अभिवृद्धि गरी कृषियन्त्रतथा उपकरणहरुमा कृषक/उद्यमीहरुको पहुँच विस्तार गर्ने ।

९.३. महिला तथा वातावरणमैत्री कृषियन्त्र तथा उपकरणहरुको पहिचान तथा प्रवर्द्धन गर्ने ।

९.४. कृषि यान्त्रिकरणको लागि संस्थागत संरचना विकास गर्नुका साथै कृषि यन्त्र तथा उपकरणहरुको गुणस्तर निर्धारण, नियमन, अनुगमन एवं प्रवर्द्धन गर्ने ।

## १०. नीति र कार्यनीति

यी उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिमका नीति र कार्यनीतिहरु रहेका छन् -

### उद्देश्य १. मुलुकको आर्थिक एवं भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषिपेशालाई दीगो, प्रतिस्पर्धी र व्यावसायिक बनाउने ।

१०.१.१ विभिन्न भू-धरातल अनुकुल र आम कृषकहरुको पहुँचमा पुग्नसक्ने उपयुक्त खालका कृषि यन्त्र तथा उपकरणको पहिचान, अनुसन्धान, विकास तथा प्रवर्द्धन गरिनेछ ।

१०.१.२ अनुसन्धानबाट पहिचान र विकास भएका एवं अन्य उपयुक्तयन्त्र तथा उपकरणहरुको प्रवर्द्धन गर्न तालिम, प्रदर्शन, कृषि यन्त्र मेला प्रदर्शनीको साथै संचार माध्यमको प्रयोग गरिनेछ ।

१०.१.३ परम्परागत रुपमा प्रयोग हुँदै आएका कृषि औजारहरुको अभिलेखीकरण, संरक्षण तथा अनुसन्धानबाट परिमार्जन र विकास गर्दै प्रवर्द्धन र प्रोत्साहनमा जोड दिइनेछ ।

१०.१.४ तराई क्षेत्रका लागि उपयोगी हुने यान्त्रिक शक्तिबाट सञ्चालित मेसिन औजारहरुको प्रवर्द्धन र प्रोत्साहनमा जोड दिइनेछ ।

१०.१.५ यन्त्रतथा उपकरण उत्पादन र सेवा दिने आरन लगायतका परम्परागत पेशालाई आधुनिकीकरण र व्यावसायिकरण गर्न टेवा पुऱ्याइनेछ ।

१०.१.६ उपयुक्त कृषि यन्त्र तथा उपकरणहरुको पहिचान, अनुसन्धान, उत्पादन, विकास र सेवा प्रवाहमा निजी क्षेत्रको संलग्नतालाई जोड दिइनेछ ।

१०.१.७ कृषि यान्त्रिकरणको माध्यमबाट कृषि उत्पादकत्व वृद्धि, स्थानीय रोजगारी सिर्जना, परम्परागत प्रविधि प्रवर्द्धन/संरक्षण र नवीनतम खोज र अनुसन्धानका साथै स्थानीयस्तरमा कृषि यान्त्रिकरण सम्बन्धी सचेतना प्रवर्द्धनमा स्थानीय निकायको सहभागिता र सहकार्यमा जोड दिइनेछ ।

१०.१.८ कृषि बालीहरुको उत्पादनका लागि खनजोत, जमिनको तयारी, मलबीउ छर्ने, बेर्ना रोप्ने, गोडमेल, बाली संरक्षण, सिँचाइ तथा कृषिजन्य उपजको कटानी, संकलन, भण्डारण, ढुवानी, फार्मस्तरमा गरिने ग्रेडिंग, प्याकेजिंग, लेवलिंग, सफाई, संचयन, फार्मस्तरमा उत्पादनोपरान्त गरिने प्रशोधनका लागि उपयुक्त खालका उपकरणको प्रयोगलाई विस्तार गरिनेछ । त्यसै गरी पशुपन्छीपालन, मत्स्यपालन, व्यवसायिक कीटपालन (मौरी, रेशम ईत्यादी), च्याउको उत्पादन, भण्डारण, संकलन, ढुवानी, फार्मस्तरमा उत्पादनोपरान्त गरिने ग्रेडिंग, प्याकेजिंग, लेवलिंग, सफाई, संचयन, फार्मस्तरमा उत्पादनोपरान्त गरिने प्रशोधन लागि उपयुक्त खालका उपकरणको प्रयोगलाई विस्तार गरिनेछ ।

१०.१.९ कृषि व्यवसायसम्बद्ध कार्यहरुका लागि नियमित उर्जा आपूर्तिमा प्राथमिकता दिने र उर्जाको मुल्य/शुल्कमा सहुलियत दिइनेछ ।

१०.१.१० नेपाल सरकारले प्रोत्साहन गर्न तोकिएका कृषि यन्त्र तथा उपकरण खरीद गर्दा पूँजिगत अनुदान उपलब्ध गराईने छ ।

१०.१.११ कृषि यन्त्र तथा उपकरणमा कृषकहरुको पहुँच बढाउन कृषक समूह, कृषि तथा पशुसेवामा आबद्ध सहकारी र गैरसरकारी संस्था परिचालन गरिनेछ ।

१०.१.१२ कृषि यन्त्रहरुमा सीमान्तकृत कृषकहरुको पहुँच बढाउन निश्चित अवधिका लागि समूहगत/व्यक्तिगत रुपमा सरल व्याजदर र बिनाधितोमा ऋण वा अनुदानको व्यवस्था गरिनुका साथै सहकारी/निजी क्षेत्रमार्फत कृषि यन्त्र तथा उपकरण भाडामा लिने दिने व्यवस्थाको पनि विकास गरिनेछ ।

१०.१.१३ कृषि यन्त्र तथा उपकरण सञ्चालक (Machine Operator) को बीमा गर्ने र बीमा प्रिमियममा सहुलियत दिइनेछ ।

१०.१.१४ बायोग्याँस, सौर्यशक्ति जस्ता नवीकरणीय र वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१०.१.१५ नवीन (Innovative) तथा अनुकरणीय खालकायन्त्रहरु विकास गर्ने वा प्रयोगमा ल्याउने कृषक, व्यवसायी, अनुसन्धानकर्ता वा प्रसारकर्तालाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ ।

१०.१.१६ निश्चित क्षेत्रफलभन्दा बढीमा व्यावसायिक कृषि खेती गर्ने वा जमिन एकीकरण (Land consolidation) गरी निश्चित क्षेत्रफलभन्दा बढीमा सामूहिक खेती गर्ने वानिश्चित संख्याभन्दा बढी पशुपालन गर्ने कृषक, कृषक समूह, कृषि सहकारीलाई प्रोत्साहनस्वरुप तोकिएका कृषि यन्त्र तथा उपकरणहरु खरीदमा निश्चित अवधिका लागि सरल व्याजदरमा ऋण वा अनुदानको व्यवस्था गरिनेछ ।

१०.१.१७ पशुशक्तिको दक्षता अभिवृद्धि गर्ने उपकरणको पहिचान, अनुसन्धान र विकास गरी प्रवर्द्धन गरिनेछ ।

१०.१.१८बहुउपयोगी (Multi-purpose) यन्त्र तथा उपकरणहरुको पहिचान, प्रवर्द्धन गरी तिनका उपयोगमा कृषकहरुको पहुँच अभिवृद्धि गरिनेछ ।

**उद्देश्य २. सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट कृषि यान्त्रीकरणसम्बन्धी सेवा तथा व्यवसायमा अभिवृद्धि गरी कृषि क्षेत्रमा प्रयोग हुने यन्त्र तथा उपकरणहरुमा कृषक/उद्यमीहरुको पहुँच विस्तार गर्ने ।**

१०.२.१ कृषि यन्त्र तथा उपकरणहरुको पहिचान, उत्पादन, व्यापार, सेवा तथा विस्तारमा निजी तथा सहकारी क्षेत्रलाई सहभागी गराउने साथै यसमा सरकारी-निजी साझेदारी (Public-Private Partnership) को अवधारणालाई प्रोत्साहन गरिनेछ ।

१०.२.२ कृषि विकासका लागि उपयुक्त तथा आवश्यक कृषि यन्त्र तथा उपकरणहरुको आयात प्रतिस्थापन गर्न, स्थानीय सीप विकास गरी रोजगारी वृद्धि गर्न स्वदेशमै कृषि औजार, यन्त्र तथा उपकरण उत्पादन गर्ने घरेलु कारखाना वा ठूला कृषि यन्त्र कारखाना स्थापना गर्न सहकारी/निजी क्षेत्रका साथै स्वदेशी साझेदारीमा विदेशी प्रविधि र लगानी भित्र्याउन प्रोत्साहन गरिनेछ ।

१०.२.३ कृषि यन्त्र तथा उपकरण उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ आयात गर्दा लागेको भन्सार तथा मूल्य अभिवृद्धि कर शोधभर्ना र देशभित्र उत्पादित यन्त्र तथा उपकरणहरुमा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छुटको सुविधा दिइनेछ ।

१०.२.४ कृषि व्यवसायका लागि यन्त्र तथा उपकरणहरु, पार्टपूर्जाहरु स्वदेश मै उत्पादन गर्ने कृषि यन्त्र कारखानालाई निश्चित अवधिसम्म आयकरमा छुटको सुविधा दिइनेछ ।

१०.२.५ कृषक, कृषक समूह वा कृषि सहकारीले सम्बन्धित निकायको सिफारिसमा कृषि यन्त्र तथा उपकरण खरीद/आयात गर्दा उपकरणलाई नै धितो राखी वित्तिय संस्थामार्फत सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराइनेछ ।

१०.२.६ कृषक,कृषक समूह वा कृषि सहकारीले सम्बन्धित निकायको सिफारिसमा कृषि उपजहरु ढुवानीका साधन खरीद वा आयात गर्दा मूल्य अभिवृद्धि कर छुट तथा भन्सार छुट उपलब्ध गराइनेछ ।

१०.२.७ सरकारी पूर्ण लगानी र साझेदारीमा निर्माण गरिने विभिन्न पशुपन्छी लगायतका वधशाला, वधस्थल तथा संकलनस्थल र बजार केन्द्रहरुमा उपयुक्त यन्त्रको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१०.२.८ निजी उद्यमी, कृषक, कृषक समूह वा कृषक सहकारीले भाडामा कृषि यन्त्रको सेवा उपलब्ध गराउनको लागि तिनकाखरीद वा आयात गर्दा मूल्य अभिवृद्धि कर र भन्सार छुट तथा कर्जामा सहुलियत व्याज सुविधा प्रदान गरिनेछ ।

१०.२.९ प्रत्येक विकास क्षेत्रहरुमा आधुनिक कृषि यन्त्र कार्यशाला स्थापना, सुधार, अनुसन्धान, विकास र यन्त्र सञ्चालन र मर्मतसंभारसम्बन्धी तालिम दिन सक्ने कृषि यन्त्र स्रोत तथा सेवा केन्द्र व्यवस्था गरी कृषि यन्त्र प्रयोग सम्बन्धी सेवा प्रदान गर्ने र यस कार्यका लागि सहकारी, निजी तथा सामुदायिक क्षेत्रको सहभागिता समेत आकर्षित गरिनेछ ।

१०.२.१० जिल्लास्तरमा कृषि यन्त्र उत्पादन, वितरण तथा मर्मत सम्भार केन्द्र स्थापना गर्न उचित वातावरण सिर्जना गरिनेछ ।

१०.२.११ कृषि यन्त्रहरुको सेवा भाडा निर्धारण गर्न निम्नअनुसार कृषि यन्त्रहरुको सेवा भाडा निर्धारण समिति हुनेछ ।

- जिल्ला कृषि विकास कार्यालयको वरिष्ठ कृषि विकास अधिकृत - संयोजक
- जिल्ला पशु सेवा कार्यालयको अधिकृत प्रतिनिधि
- जिल्ला उद्योग वाणिज्य संघप्रतिनिधि
- संयोजकले तोकेको किसान प्रतिनिधि

- सेवा प्रदायकको प्रतिनिधि
- जिल्ला विकास समितिले तोकेको प्राविधिक अधिकृत प्रतिनिधि

उक्त समितिले भाडा दर निर्धारण गरी जिल्ला दररेट निर्धारण समितिबाट स्वीकृत गराई मात्र लागु हुने व्यवस्था गरिनेछ। समितिमा मनोनित सदस्यहरुको पदावधि एक वर्षको रहनेछ।

१०.२.१२ साना हाते ट्रेक्टर र कम अश्वशक्तिका चार पांग्रे ट्रेक्टर र त्यसमा प्रयोग हुने यन्त्रमा मुल्य अभिवृद्धि करमा छुट, भंसार छुट र अनुदान दिई प्रोत्साहन गरिनेछ।

१०.२.१३ कृषिकार्यका लागि प्रयोग हुने सहुलियतमा उपलब्ध गराइएको ट्रेक्टर-ट्रेलर तथा अन्य ढुवानीका साधनहरुलाई अलग पहिचानको रजिष्ट्रेशन नम्बर (Number Plate) व्यवस्था गरिनेछ।

१०.२.१४कृषि यन्त्र उत्पादन, खरीद र आयात गर्दा सहुलियत व्याजदरमा कर्जा उपलव्ध गराउने र कर्जा प्रक्रिया र छुट सुविधा पाउने व्यवस्था सरलीकृत गरिनेछ।

१०.२.१५ कृषि यन्त्र हरु आयात गर्दा उत्पादक देशको आधिकारिक निकायबाट प्रमाणिकरण भएको वा नेपालमा आधिकारिक निकायबाट परीक्षण तथा प्रमाणिकरण गरेको यन्त्रलाई मात्र अनुदान सुविधा उपलब्ध गराइनेछ।

१०.२.१६ क्षमता र मुल्य अनुसारको सानो/ठूलो ट्रेक्टर, पावर टिलर, दुध ढुवानी ट्याङ्कर, माछा मासु बोक्ने रेफ्रिजेरेटर भ्यान जस्ता यन्त्रहरुमा लाग्ने वार्षिक नवीकरण शुल्क र तेश्रो पक्ष बीमा फरक फरक गरिनेछ।

**उद्देश्य ३. महिला तथा वातावरण मैत्री कृषि यन्त्रहरुको पहिचान तथा प्रवर्द्धन गर्ने।**

१०.३.१ वातावरणमैत्री र इन्धन किफायती यन्त्रको विस्तारमा बढावा दिइनेछ।

१०.३.२ दिगो कृषि र स्रोत संरक्षण प्रविधिका लागि उपयोगी हुने प्रविधि र यन्त्रलाई बढावा दिइनेछ।

१०.३.३ महिलाहरुको कार्यबोझ र कष्टकरश्रम घटाउने खालका यन्त्रहरुको प्रयोग र विस्तारमा जोडदिइनेछ।

१०.३.४ कृषकस्तरमा प्रांगारिक मल र प्रांगारिक तथा जैविक विषादी उत्पादन गर्न प्रयोग हुने र एकीकृत शत्रुजीव व्यवस्थापन (IPM), एकीकृत खाद्यतत्व व्यवस्थापन (INM), असलपशु चिकित्सा अभ्यास (GVP), असल पशुपालन अभ्यास (GLP), असल कृषि अभ्यास (GAP),असल मत्स्यपालन अभ्यासका लागि उपयोगी हुने खालका यन्त्रहरुको प्रवर्द्धन गरिनेछ।

१०.३.६ उपयुक्त कृषि यान्त्रिकरणको प्रवर्द्धनमा प्रचलित सामग्रीको साथै सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।

**उद्देश्य ४. कृषि यान्त्रिकरण प्रवर्द्धनको लागि संस्थागत संरचना विकास गर्नुका साथै कृषि यन्त्रहरुको गुणस्तरनिर्धारण, नियमन, अनुगमन एवं प्रवर्द्धन गर्ने ।**

१०.४.१ कृषि व्यवसायमा प्रयोग हुने उपयुक्त यन्त्रहरुको पहिचान, अनुसन्धान, विकास तथा विस्तारका लागि पर्याप्त जनशक्ति विकास गरिनेछ।

१०.४.२ कृषि यान्त्रिकरणको सम्बन्धमा न्यून अवस्थामा रहेको दक्ष प्राविधिकको आपूर्ति सुनिश्चित गर्न कृषि इन्जिनियरिङ्ग शिक्षण प्रशिक्षण/संस्थाहरुको क्षमता विकास गर्ने, साथै कृषि यान्त्रिकरणमा आवश्यक मध्यमस्तरको जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् लगायतका शिक्षण तथा प्रशिक्षण संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।

१०.४.३ कृषि यन्त्रहरुको मर्मत संभारका लागि पर्याप्त मात्रामा मध्यम वर्गीय जनशक्ति उपलब्ध गराउन कृषक र व्यवसायीलाई आवश्यकताअनुरुप विभिन्नस्तरका तालिमको व्यवस्था गरिनेछ ।

१०.४.४ माध्यमिक र उच्च माध्यमिकस्तरको व्यावसायिक शिक्षामा कृषि इन्जिनियरिङ्गको पाठ्यक्रम समावेश गर्न प्रोत्साहन गरिनेछ ।

१०.४.५ कृषकहरुलाई कृषि यन्त्रको सञ्चालन र मर्मतसम्बन्धी अनिवार्यतालिमसम्बन्धित व्यापारी तथा उद्यमीले दिनुपर्ने व्यवस्था गरिनेछ ।

१०.४.६ कृषि यन्त्रको मूल्य, गुणस्तर, क्षमता, प्रकार, मेक, मोडेल, सुरक्षित उपयोग, मर्मतसंभारलगायतको जानकारी प्रष्ट रुपमा नेपाली भाषामा प्रदान गर्ने र स्पेयरपार्टस उपलब्ध गराउने अनिवार्य जिम्मेवारी उत्पादक, आयातकर्ता तथा वितरकको हुने व्यवस्था गरिनेछ ।

१०.४.७ कृषि यान्त्रिकरणसम्बन्धी प्रचार प्रसार गर्ने कार्यालयहरुमा प्राविधिक कर्मचारीको दरबन्दी थप वा मिलान गरी कृषि यान्त्रीकरण प्रसार सेवा विस्तार गरिनेछ ।

१०.४.८ नेपाल कृषि अनुसन्धान परिषद्को कृषि इन्जिनियरिङ्ग महाशाखाको स्तरोन्नत्ति गर्न प्राविधिक जनशक्ति आपूर्ति गर्ने व्यवस्था र सुविधायुक्त अनुसन्धान कार्यशालाको स्थापना र विस्तार गरिनेछ । उच्च पहाडी, मध्य पहाडी र मध्य पश्चिम तराई क्षेत्रमा कृषि यन्त्र अनुसन्धान केन्द्रको स्थापनाको साथै कृषि औजार अनुसन्धान केन्द्र रानीघाटको क्षमता विकास गरिनेछ ।

१०.४.९ नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग र पशु सेवा विभाग अन्तर्गतका फार्महरुमा उपयुक्त कृषियन्त्रहरुको प्रयोग गरी कृषकलाई सोको उपयोग र फाइदाबारे जानकारी प्रदान गरिने छ ।

१०.४.१० नेपाल सरकारबाट अनुदान प्रदान गरिनेयन्त्रहरुको गुणस्तर निर्धारणका लागि कृषि इन्जिनियरिङ्ग निर्देशनालय र कृषि इन्जिनियरिङ्ग महाशाखाका प्रतिनिधि रहने समिति गठन गरी लागु गरिनेछ ।

१०.४.११ अनुसन्धानका क्रममा परीक्षण गरिएका नतिजाहरु र खुला बजारमा उपलब्ध यन्त्रहरुको नमुना संकलन गरी परीक्षण गरिएका नतिजाहरु, जस्तै किफायती, प्रभावकारिता, सुरक्षा (प्रयोगकर्ता, उपभोक्तार वातावरणको लागि) आदि सार्वजनिक गरिनेछ ।

१०.४.१२ अनाधिकृतरुपमा वितरण हुने अनुपयुक्त तथा गुणस्तरहीन कृषि औजार, यन्त्रहरुलाई निरुत्साहित गराउन वितरक र उपभोक्ताहरुलाई जागरुक गराइनुको साथै प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।

१०.४.१३ परम्परागत र स्वदेशी कृषि यन्त्रर प्रविधिको उत्पादन/प्रयोगको बौद्धिक सम्पति अधिकार(Intellectual Property Right) को सुरक्षाको व्यवस्था गरिनेछ ।

## ११. संस्थागत संरचना

११.१ यो नीति र यस नीति बमोजिम कार्यक्रमको समन्वय र प्राविधिक सहयोग गर्न कृषि विभागअन्तर्गत रहेको कृषि इन्जिनियरिङ्ग निर्देशनालयलाई कृषि विकास मन्त्रालय अन्तर्गत छुट्टै केन्द्रीय स्तरको कार्यालयको रुपमा स्थापना गरिनेछ ।

११.२ क्षेत्रीयस्तरमा सेवा टेवा पुऱ्याउन कृषि इन्जिनियरिङ्ग निर्देशनालय मातहतमा कार्यालयहरु स्थापना गरिनेछ ।

११.३ नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतको कृषि इन्जिनियरिङ्ग महाशाखालाई केन्द्रीयस्तरको कार्यालयको रुपमा स्तरोन्नत्ति गरी कृषि यान्त्रिकरण अनुसन्धान सम्बन्धी कार्यलाई एकीकृत एवं समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ ।

११.४ जिल्ला कृषि विकास तथा पशु सेवा कार्यालयहरुको क्षमता अभिवृद्धि गर्न कृषि इन्जिनियरिङ्ग समूहकाकर्मचारीको व्यवस्था गरिनेछ ।

११.५ नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको पर्सा जिल्लास्थित कृषि औजारअनुसन्धान केन्द्र, रानीघाटको क्षमता विकास गरिनुको साथै उच्च पहाडी, मध्य पहाडी र मध्य/सुदुर पश्चिम तराईमा कृषि यन्त्र अनुसन्धान केन्द्रहरुको स्थापना गरिनेछ ।

११.६ यस नीतिको कार्यान्वयन गर्ने सम्बन्धमा नीतिगत निर्णय गर्न र नेपाल सरकारलाई समय समयमा राय सुझाव उपलब्ध गराउनुका साथै कार्यान्वयनका लागि मातहतका निकायमा निर्देशन गर्न देहाय बमोजिमको **कृषि यान्त्रिकरण निर्देशक समिति** रहनेछ :

| | | |
|---|---|---|
| (क) | सचिव, कृषि विकास मन्त्रालय | अध्यक्ष |
| (ख) | सह-सचिव, (कृषि तथा ग्रामिण विकास) राष्ट्रिय योजना आयोग | सदस्य |
| (ग) | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ङ) | सह-सचिव, उद्योग मन्त्रालय | सदस्य |
| (च) | सह-सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (छ) | सह-सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| (ज) | सह-सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (झ) | सह-सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (ञ) | सह-सचिव, सिँचाइमन्त्रालय | सदस्य |
| (ट) | सह-सचिव,विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| (ठ) | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (ड) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (ढ) | सह-सचिव, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय | सदस्य-सचिव |

११.७यस नीतिसम्बन्धी समन्वय, प्राविधिक सल्लाह र नीतिगत निर्णयका लागि सिफारिस गर्न देहाय बमोजिमको **कृषि यान्त्रिकरण प्राविधिक समिति** रहनेछ :

| | | |
|---|---|---|
| (क) | सह-सचिव, कृषि व्यवसाय तथा प्रवर्द्धन महाशाखा, कृषि विकास मन्त्रालय अध्यक्ष | |
| (ख) | महानिर्देशक, कृषि विभाग | सदस्य |
| (ग) | महानिर्देशक, पशु सेवा विभाग | सदस्य |
| (घ) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| (ङ) | प्रतिनिधि, केन्द्रीय कृषि सहकारी महासंघ | सदस्य |
| (च) | प्रमुख, कृषि इन्जिनियरिङ्ग महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (छ) | कार्यकारी निर्देशक, कृषि उद्यम केन्द्र | सदस्य |
| (ज) | प्रतिनिधि, कृषि इन्जिनियरिङ्ग शिक्षण संस्थान | सदस्य |
| (झ) | समितिले छनौट गरेको यन्त्र उत्पादक/आयातकर्ता | सदस्य |

| | | |
|---|---|---|
| (ञ) | समितिले छनौट गरेको सेवा प्रदायक | सदस्य |
| (ट) | कार्यक्रम निर्देशक, कृषि इन्जिनियरिङ्ग निर्देशनालय, कृषि विभाग | सदस्य- सचिव |

**१२. आर्थिक पक्ष**

यो नीति र यस नीतिबमोजिमको कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारको तर्फबाट दिइने अनुदान तथा सहुलियत वार्षिक बजेट वक्तव्यमार्फत व्यवस्थित गरिनेछ । त्यसैगरी अन्य संघ संस्थाहरु, गैरसरकारी तथा निजी क्षेत्रसमेतको स्रोत साधन परिचालन हुने गरी व्यवस्था गरिनेछ ।

**१३. कानुनी व्यवस्था**

- यस नीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यकताअनुसार ऐन, नियम तथा निर्देशिका, कार्यविधि वा मापदण्डहरु तर्जुमा गरिनेछ ।
- यस नीति कार्यान्वयनको सिलसिलामा नेपाल सरकारको वार्षिक आर्थिक विधेयकमार्फत केही व्यवस्थाहरु परिमार्जन गर्न सक्नेछ ।

**१४. प्रचार प्रसार, अनुगमन तथा मूल्यांकन**

- यस नीतिमा समावेश गरिएका विषय-वस्तुको प्रभावकारी कार्यान्वयन गर्नको लागि यान्त्रिकरणको प्रचार प्रसार लगायतका कार्यमा कृषि विकास मन्त्रालयले सम्बन्धित निकायलाई परिचालन गर्नेछ ।
- यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने तथा कार्यान्वयन गर्ने सम्बन्धी निकाय, सम्बन्धित विभाग, कृषि विकास मन्त्रालयका अतिरिक्त दफा ११.६ बमोजिमको समितिले गर्नेछ ।
- यस नीतिको प्रगति समीक्षा वार्षिक रुपमा दफा ११.६ बमोजिमको समितिले गर्नेछ ।

**१५. नीतिको परिमार्जन**

कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस नीतिको पुनरावलोकन गरी सिफारिस गरेमा नेपाल सरकारले संशोधन वा परिमार्जन गर्न सक्ने छ ।

**१६. वाधा अड्काउ फुकाउने**

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता भएमा वा वाधा अड्काउ परेमा कृषि यान्त्रिकरण निर्देशक समितिले स्पष्ट पार्ने वा वाधा अड्काउ फुकाउनेछ ।

**१७. जोखिम**

कृषि विकास मन्त्रालयको मौजुदा जनशक्ति तथा विनियोजित बजेटबाट यस नीतिको कार्यान्वयन गर्न बजेट नपुग भएको अवस्थामा, अर्थ मन्त्रालयबाट वार्षिक रुपमा बजेट उपलब्ध नभएको अवस्थामा र लक्ष्य अनुरुपको सांगठनिक संरचना तयार हुन नसकेमा यस नीति कार्यान्वयनमा कठिनाई पर्न सक्नेछ ।